# परियत्ति ज्योति

(बौद्ध परियत्ति सम्बन्धी त्रैमासिक)

अंक १३ बु.सं. २५४४ ने. सं. ११२० बि. सं. २०५७ वर्ष ४



## अनागारिका माधवी

Downloaded from http://www.dhamma.digital

सम्पादकीय

# सफलता कसरी पाउने ?

संसारका प्रत्येक व्यक्ति सुखी हुन चाहन्छ, धनी हुन चाहन्छ, ठूलो पदमा पुग्न चाहन्छ र समाजमा आफ्नो कीर्ति फैलाउन चाहन्छ। तर प्रश्न उठ्छ की कसरी र कुन फर्मुला प्रयोग गरेर त्यस्तो सफलता हात लाग्ने ? आज प्राय: सबैमा यस्तो भावनाको विकास भएको छ कि मानिस बिना परिश्रम, लगनशीलता र इमान्दारी नै सफलताको चचुरोमा पुग्न चाहन्छ। माध्यमिक विद्यालयको शिक्षा पुरा नगर्दै डीप्लोमा र डीग्रीको नक्कली प्रमाणपत्र (Certificate) किनेर आफ्नो मान्छे र पैसाको आडमा उच्च तहमा पुग्ने सपना देख्छन् तर यस्तो सपना कहिल्यै पनि वास्तविकतामा परिवर्तन हुन सक्दैन भए पनि त्यो स्थायी हुँदैन।

भगवान् बुद्धले "अत्ता ही अत्तनो नाथो, कोहि नाथो परो सिया" अर्थात् आफू नै आफ्नो मालीक हो भनेर भन्नु भएको छ। यसरी आफूलाई नै आफ्नो मालीक सम्झेर "जहाँ इच्छा, त्यहाँ उपाय" भने जस्तै ठूला-ठूला समस्या, कठीनाई र चुनौति उपस्थित हुँदाको अवस्थामा ती समस्याको सामना गर्ने दृढता, धैर्यता र उत्साह लिइ कुनै काममा सफलता हासिल गरेरै छाड्छु भन्ने प्रतिज्ञा र समर्पण भयो भने, आफूले आफूलाई कहिल्यै हीनताबोध नगराइ, हतोत्साही नबनाई आफ्नो क्षमतालाई विश्वास गरी "मैले गरे सफल हुनै पर्छ" भन्ने मनोभावनालाई पाली राख्यो भने, सफलता आफ्नो मुठीको खेल हुन सक्तछ।

संसार विरोधासपूर्ण छ, जहाँ सुख छ, त्यहाँ दु:ख पनि छ, उज्यालो पछि अन्धकार अन्धकारपछि उज्यालो हुन्छ। जन्मेपछि मर्नुपर्दछ। अत: यी सफलता र असफलता एउटै सिक्काका दुईपाटा हुन्। हिमाल चढ्ने पर्वतारोहिले फेदीमा गफ चुटेर कहिल्यै पनि चुचुरोमा पुग्न सक्दैन। त्यसैले आफूले आफूलाई विश्वास (Self confidence) गरी आफ्नो कर्ममा हिम्मत, अठोट र लगनशीलताका साथ लागीपर्‍यो भने सफलता अवश्य पनि हात लाग्छ।

## यस अंकमा


लेख: बौद्ध परियत्ति शिक्षाको संक्षिप्त परिचय — जातक कथा: योग्य दान
जीवनी: अनागारिका माधवी — बौद्ध महिला परिचय: सुजाता
कविता: तृष्णाय् दुबय् जुयाच्वंगु ल्वबी, बुद्ध उपदेश
परियत्ति गतिविधि — अन्तर्वार्ता: रिना तुलाधरसँग


Downloaded from http://www.dhamma.digital

बाल बौद्ध जागरण समूह,
ज्योतिदय संघ

ज्योति बिहार, चापागाउँद्वारा प्रकाशित

# परियत्ति ज्योति

बर्ष ४ अंक १३



**संरक्षक**
आ। ञाणवती

**सल्लाहकार**
शाक्य सुरेन

**सम्पादक**
वासुदेव

**सहयोगी सम्पादक**
दिल ब. देशार
रामेश्वर देशार

**व्यवस्थापक**
हेराकाजी
राजेश

**सहयोगीहरु**
शान्ति देशार
तीर्थकुमारी महर्जन
रमेश देशार
रविन्द्र देशार



**हाम्रो ठेगाना**
बाल बौद्ध जागरण समूह,
ज्योतिदय संघ
ज्योतिविहार, चापागाउँ
ललितपुर, नेपाल


**कला**
राजुबाबु शाक्य

| | |
|---|---|
| प्रति अंक | रु. ५।- |
| बार्षिक ग्राहक | रु. १५।- |
| आजीवन ग्राहक | रु. ३००।- |

**बिज्ञापन दर**
पूरा पेजको रु. ५००।-
आधा पेजको रु. ३००।-
चौथाई पेजको रु. २००।-


मुद्रक तथा कम्प्यूटर
*जोशी प्रिन्टिङ्ग प्रेस*
क्वाको, ललितपुर-११
फोन नं. ५२१४७९, ५३६७६१


Downloaded from http://www.dhamma.digital

# बौद्ध परियत्ति शिक्षाको संक्षिप्त परिचय

-राजेश देशार

प्राय: सम्पूर्ण बौद्ध देशहरु श्रीलंका, बर्मा, थाइल्याण्ड, जापान र चीनमा बुद्धधर्म सम्बन्धि अध्ययन गर्नका निम्ति बौद्ध स्कूल, कलेज र विश्वविद्यालयहरु स्थापना भएका छन्। तर दुर्भाग्यको कुरो नेपाल बुद्धको जन्मभूमी भएता पनि बुद्धधर्म सम्बन्धि अध्ययन अध्यापन गर्ने राम्रो व्यवस्था हुन सकिरहेको छैन । सरकारी स्तर बाट यसमा कुनै पहलकदमी नदेखाएतापनि अखिल नेपाल भिक्षु महासंघले आफ्नो क्षमताले भ्याएसम्म नेपाल अधिराज्यभर बुद्धधर्म (बुद्ध शिक्षा) अध्ययन र अध्यापन गराउने कार्यमा प्रयासरत छन् । उक्त कार्य कहाँ ? कसरी ? कहिले ? शुभारम्भ भयो भन्ने इतिहासको कुरोलाई संक्षिप्त भएपनि बुझ्ने प्रयास गरौं ।

वि.सं. २०१९ सालमा सुगत बौद्ध मण्डलका तत्कालीन सचिव श्री धर्मरत्न शाक्य "त्रिशूली" को प्रार्थनामा श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर त्रिशूलीको सुगतपुर विहारमा जानु भयो । बुद्धधर्म सम्बन्धि व्यवस्थित अध्ययन गर्न धर्मरत्न शाक्य, अ. सुशीला र छत्रराज शाक्यको प्रार्थना स्वीकार गर्नु भइ श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरले विहारमा आउने उपासक उपासिकाहरुलाई अनौपचारिक रुपमा बुद्ध शिक्षा अध्यापन गराउनु भयो । परीक्षाबाट कक्षा १ देखि ५ सम्म उत्तिर्ण हुने विद्यार्थीहरु पनि भए ।

त्यसपछि यो शिक्षालाई नेपाल अधिराज्यभर फैलाउनको निम्ति श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर र धर्मरत्न शाक्यबाट अ.ने.भि.म.सं. मा प्रस्ताव पेश गर्नु भयो । सो प्रस्ताव अनुरुप २०२० बैशाख ५ गतेका दिन पाठ्यक्रमलाई परिवर्तित र परिमार्जित गरी नेपाल अधिराज्यभरि फैलाउने उद्देश्य अनुरुप यस शिक्षालाई "नेपाल बौद्ध परियत्ति शिक्षा" नामांकरण गरी अ.ने.भि.म.सं. का अध्यक्ष पूज्य भन्ते प्रज्ञानन्द महास्थविरको ६४ औं जन्म दिनको उपलक्ष्यमा उद्घाटन पनि गरियो । २५०७ औं बुद्ध जयन्तीको शुभ दिनमा विहान ८/४५ बजेदेखि निर्धारण गरिएको परियत्ति केन्द्रहरुमा यस शिक्षाको अध्ययन, अध्यापनको शुभारम्भ भयो । नेपालीहरुको लागि गौरव र खुशीको उक्त समाचार यही समयमै रेडियो नेपालबाट पनि प्रसारण भएको थियो ।

शुरुमा नेपाल बौद्ध परियत्ति



Downloaded from http://www.dhamma.digital

शिक्षा कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने व्यवस्था भयो। यसको सफलता र आवश्यकतालाई मध्यनजर गरी बु.सं. २५०८ सालमा कक्षा ७ सम्म अध्ययन गर्ने व्यवस्था भयो। जसलाई पछि संशोधन गरी "परियत्ति सद्धम्मपालक" नामांकरण गरियो र विद्यार्थीहरुको चाहाना अनुरुप पछि कक्षा १० सम्म अध्ययन गर्ने व्यवस्था भयो । जसलाई "परियत्ति सद्धम्म कोविद" नामांकरण गरियो। जुन तह पुरा गर्न परियत्ति सद्धम्मपालक उत्तिर्ण गरेपछि ३ वर्ष अध्ययन गर्नुपर्दछ।

परियत्ति शिक्षालाई व्यवस्थित रुपमा संचालन गर्न अ.ने.भि.म.सं.द्वारा पहिलोपल्ट भिक्षु सुदर्शन महास्थविर लाई केन्द्रीय परिक्षा नियन्त्रकको रुपमा नियुक्त गरियो । त्यसपछि २०२१ सालमा श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, २०२९ सालमा श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर र २०३१देखि २०४२सम्म पुनः श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरलेनै उक्त पद सम्हाल्नु भयो । २०४२ सालमा नेपाल बौद्ध परियत्ति शिक्षा समिति गठन भयो र त्यसपछि परिक्षा नियन्त्रक पद खारेज गरी परीक्षा व्यवस्था प्रमुखमा श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर र शिक्षाध्यक्षमा पहिलो पटक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर नियुक्त हुनुभयो । पछि परीक्षा व्यवस्थापक खारेज गरी पुनः केन्द्रीय परीक्षा नियन्त्रकमा भिक्षु बुद्धघोष, उप-केन्द्रीय परीक्षा नियन्त्रकमा भिक्षु सुदर्शन महास्थविर नियुक्त हुनु भयो । प्रधान केन्द्रको कार्यालय संचालन गर्न भिक्षु शीलभद्र महास्थविर कार्य समन्वय सचिवमा नियुक्त गरियो । स्थापना कालदेखि सुमंगल विहारमा रहेको प्रधान केन्द्र २०४६ सालमा पाटनकै मणिमण्डप महाविहारमा सारियो। २०५४ आश्विन २० गतेको बैठकले "नेपाल बौद्ध परियत्ति कार्य समिति" गठन गरियो। जसमा शिक्षाध्यक्ष श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, केन्द्रीय परिक्षा नियन्त्रकमा शीलभद्र महास्थविर, उप परिक्षा नियन्त्रकमा श्रद्धेय भिक्षु धम्मसोभन महास्थविर रहनु भएको छ । हाल प्रधान केन्द्र अन्तर्गत १६ वटा परियत्ति केन्द्रहरु संचालन भैरहेका छन्। बौद्ध परियत्ति शिक्षालाई ३६ वर्षसम्म निरन्तर दिन प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरु प्रति ज्योति विहार परियत्ति केन्द्र परिवार (वादे) कृतज्ञता जाहेर गर्दछ।

नेपालमा बौद्ध परियत्ति शिक्षाको कुरा गर्दा यसका संस्थापक श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरले गर्नु भएको अथक परिश्रम, उहाँले गर्नु भएको अमूल्य योगदान, उहाँको


Downloaded from http://www.dhamma.digital

निरन्तर प्रयासलाई हामीले सदासर्वदा सम्मान 'गर्नुपर्दछ, सम्झनु पर्दछ, अनुकरण गर्नुपर्दछ । त्यस्तै धर्मरत्न शाक्य, अ. सुशीला र छत्रराज शाक्यहरुले बौद्ध परियत्ति शिक्षा स्थापना गर्न गर्नुभएको योगदानलाई पनि कहिल्यै विर्सनु हुँदैन । त्यतिमात्र हैन स्थापना कालदेखि हालसम्म करीव ३६ वर्षसम्म निरन्तर अगाडी बढाउनुमा श्रद्धेय भन्ते, गुरुमा, बौद्ध विद्वानहरुको अथक परिश्रम, निःस्वार्थ सेवा, स्वयंसेवी भावनाले अभिप्रेरित व्यक्तित्वहरुको गुणलाई हामीले सदा स्मरण गर्न अति आवश्यक छ । उहाँहरुकै योगदान, लगनशीलता, सद्भाव, सेवा, अथक परिश्रम, निरन्तर प्रयासबाट ३६ वर्षसम्म बौद्ध परियत्ति शिक्षा निरन्तर रुपमा अगाडी बढ्न सक्षम भएको हो । उहाँहरुको सदभाव, लगनशीलता, सेवा, अथक परिश्रम, योगदान प्रति हामी सम्पूर्ण ज्योति विहार परियत्ति केन्द्रका परियत्ति विद्यार्थी लगायत सम्पूर्ण परिवार कृतज्ञ छौं । साथै परियत्ति शिक्षाको जानकारीहरु उपलब्ध गराइ दिनु भएकोमा पूज्य श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरलाई विशेष धन्यवादको साथमा उहाँप्रति हामी परियत्ति विद्यार्थी कृतज्ञ छौं ।

अस्तु ।

# तृष्णाय् दुबय् जुया च्वंगु ख्वबी

- *कृष्ण शरण मन्त्रि (डंगोल)*
*जीतापुर परियति पुचः,*
*खोकना ।*

तृष्णाय् दुबे जुया च्वंगु जिगु ख्वबि
सुयात
गथे याना क्यनिगु
तृष्णा हे खः थ्व संसारे ख्वबियात जन्म बिइम्ह
जिगु ख्वबि भौतिक सुखया लागि मखु
जिगु ख्वबि अध्यात्मिक सुखया लागि खः ।
अध्यात्मिक सुखया लागि खः ।



Downloaded from http://www.dhamma.digital

# अनागारिका माधवीको संक्षिप्त जीवनी

-वासुदेव



रचनात्मक, सामाजिक क्षेत्रमा समर्पित, अनवरत सेवाको भावनाले भरिपूर्ण व्यक्तित्व, स्वच्छ र निश्चल विचार भएको, निष्कलंक तथा शिक्षा क्षेत्रमा गम्भीर भै योगदान दिनमा अग्रणी र साधा व्यक्तित्वको नाम हो - अनागारिका माधवी।

बि.सं. १९९३ साल, भाद्रकृष्ण दशमीको दिनमा ललितपुरको ओकुबहालमा आमा लक्ष्मीमाया र बाबु चन्द्रज्योति शाक्यको नौ सन्तान मध्ये आठौं सन्तानको रुपमा उहाँको जन्म भएको हो। उहाँको गृहस्थी जीवनको नाम शोभालक्ष्मी शाक्य हो।

महिला जाति, अर्काको घर जाने जात, महिलाहरुलाई पढ्न दियो भने बिग्रिन्छ आदि खालको संकुचित भावना भएको समयमा आमा लक्ष्मीमायाको प्रेरणा र अथक परिश्रमले लुकिछिपी पढ्दै गरेका शोभालक्ष्मीले आमाले चिनेका गणेश मास्टरको प्राइभेट स्कूलमा पढाइको थालनी गर्नुभयो।

"छोरीको जन्म अर्काको नासो" भनेर बाबुहरुले १२ बर्षको हुँदा नै बिहे गरी पठाउने तयारी गरेकोले आमा लक्ष्मीमायाले आफूले वैवाहिक तथा पारिवारिक जीवनमा भएको दुःखलाई सम्झी छोरी शोभालक्ष्मीलाई ओकुबहालमा जाने बाटोमै भएको एक बौद्ध विहारमा शरण लिएको केहि समय पश्चात संयोगले नयाँ स्थापना भएको आनन्दकुटि विद्यापीठका तात्कालीन प्रधानाध्यापक न्हुक्षेबहादुर बज्राचार्य र पूज्य भन्ते अमृतानन्दको संरक्षणमा १ ग्रेडमा भर्ना भै पढाइको थालनी गराउनु भयो।

श्रद्धेय भन्तेहरुको धर्मदेशना, बौद्ध साहित्य र थेरबाद बुद्धधर्म अध्ययन गरी जीवनमा प्रयोग गर्नको लागी आमाको प्रेरणाले शोभालक्ष्मीले ग्रेड ३ मा पुगेको बेलामा नै २००६ साल कार्तिक ५ गते आमासंगै कुशीनगर गई भिक्षु चन्द्रमणि महास्थविरबाट अनागारिका दिक्षा प्राप्त गरी प्रब्रजित भै नेपाल फर्किनु भयो।


Downloaded from http://www.dhamma.digital

उक्त बेलादेखि अनागारिका माधवी भनी नामाकरण भएको हो ।

अनागारिका भै नेपाल फर्की उहाँले भिक्षु बुद्धघोष महास्थविरको आचार्यत्वमा ४ महिना पालिभाषा अध्ययन गरी दोश्रो पटक दिदी मनोहरादेवी (अ. माधवी) र साथी गणेशकुमारी (अ. धम्मवती) सहित कुशहीनगर गइ भिक्षु सुदर्शन महास्थविरबाट हिन्दी र बर्मी भिक्षु धम्मावुध महास्थविरबाट पालिभाषा सिक्नुभयो। उक्त समयमा बर्मा जानको लागि पासपोर्ट नमिलेकोले फेरी नेपाल फर्किनुभयो ।

त्यतिबेला एक नारीले चन्दागिरि पहाड चढी भिमफेदी, त्यहाँबाट जंगलै जंगल भै अमलेखगन्ज जानु भनेको कम सानो प्रयास होइन। दोश्रो पटकसम्म थेरबाद बुद्धशासन र बुद्ध-धर्म अध्ययन गरी नेपालमा बुद्धधर्म उत्थान र विकास गर्ने उद्देश्यले बर्मा पुग्नको लागि हिंडेर आँट गर्नुभएका उहाँ तेश्रो पटकमा मात्र बनारसका कित्तिमा महास्थविरको सहयोगले बर्मा पुग्नुभयो । त्यहाँ साढे तिन वर्षसम्म बस्नु भै २०११ सालमा आमा बितेको खबर सुनी नेपाल फर्की पुन: बर्मा नगइकन नेपालमै बसी आफूले अध्ययन गरी सिकेको बुद्धधर्म र ज्ञान प्रचार-प्रसार गर्ने माध्यम खोजी सेवा गर्ने क्रममा लाग्नुभयो ।

वि.सं. २०१३ सालमा आमाको प्रेरणाले "चन्द्रलक्ष्मी बिद्यालय" भनी प्राथमिक बिद्यालय खोलेर अनौपचारिक रुपबाट बौद्ध शिक्षा पढाउने शुरु गरी २०१८ सालमा श्री ५ को सरकारको पाठचक्रमानुसार व्यावहारिक शिक्षा अध्यापनको लागी शिक्षा मन्त्रालय शिक्षा विभागबाट स्वीकृति प्राप्त गरी "यशोधरा बौद्ध बिद्यालय" को नामबाट बिद्यालय संचालन गर्नुभयो। आजसम्म यस बिद्यालयले १४८० जनाभन्दा बढी महिला र पुरुषको भविष्य निर्माण गरिसकेको छ । त्यसमध्ये आजसम्म प्रसिद्ध ३ जना डाक्टर, धेरै इन्जिनियर र अफिसरहरुले देशको सेवा गर्दैरहेको छ ।

"आर्थिक उपार्जनको लागि यो बिद्यालय खोलेको होइन । सच्चा, चरित्रबान बिद्यार्थी उत्पादन गरी देश विकासमा योगदान गर्ने भन्ने प्रण गरी बिद्यालय खोलेको हो ।" भन्ने भनाइ रहेका अ. माधवी, बिद्यार्थीहरुलाई आफ्ना बालबच्चा र शिक्षक शिक्षिकाहरुलाई आफ्ना दाजुभाई, दिदीबहिनीको भावनाले सम्झने गर्नुहुन्छ । यसप्रकार शिक्षा क्षेत्रमा गहनतम योगदान भएका व्यक्तित्व र बिद्यालयको रेकर्ड पनि राम्रो भएकोले २०२५ सालमा राजा श्री ५ महाराजाधिराज महेन्द्र बीर विक्रम शाहदेव सरकारबाट "गोरखा दक्षिणबाहु पाँचौं" पदकबाट उहाँलाई सम्मानित गर्नु भएको थियो। यस्तैगरि


Downloaded from http://www.dhamma.digital

२०१६ सालमा ५ कक्षासम्म भएको बिद्यालय क्रमश: २०४५ सालदेखि ८ कक्षासम्म पुऱ्याइ आफूले पनि योग्यता हासिल गर्नु भै माध्यमिक विद्यालय परिवर्तन गराउनमा सफल हुनुभयो। वि.सं. २०३८ सालमा श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी शाहदेव सरकार सवारी भएपछि उहाँले बिद्यालय हेर्नु भै माधवी गुरुमांको अथक परि?श्रम र धैर्यता देख्नु भै त्यसलाई कदर गरी बिद्यालयको लागि थप जग्गा किन्न रकम रु. १,१५,०००।- सहयोग गरी प्रेरणा दिनुभयो।

हाल नेपालमा भएका अनागारिकाहरुमा जेष्ठताक्रममा तेश्रो स्थानमा रहनु भएको श्रद्धेय गुरुमां माधवी, नेपालका सम्पूर्ण अनागारिकाहरुको संरक्षण गर्ने पवित्र उद्देश्यले बि.सं. २०५० सालमा स्थापना भएको अनागारिका संघको २०५२ सालसम्म उपाध्यक्ष पदमा बसी कार्यभार सम्हाली २०५३ सालदेखि सचिव भै कार्य गर्नुभयो। त्यस अवधिमा उहाँले प्रौढ शिक्षाको साथै बौद्ध शिक्षा संचालन गरी महिलाहरुलाई रोजगार दिने अवसरमा आयश्रोत भेट्टाउन सकोस् भनेर सिलाइ, बुनाइ, पाक शिक्षा, स्वास्थ्य शिक्षाको तालिम दिन लगाउनुभयो।

उहाँले "आदर्श बौद्ध महिलापिं" भन्ने पुस्तकको नेपाल भाषामा अनुवाद गर्नुभएको छ। साथै सकेसम्म उत्प्रेरित गर्ने कविताहरु बिभिन्न पत्रपत्रिका मार्फत प्रचार गर्नु भएको छ।

माधवी गुरुमां अति सहनशील र दयालु हुनुहुन्छ। बुद्धधर्मलाई राम्ररी व्याख्या गर्ने र राम्रो संस्कारको बिउ राख्ने कार्यमा उहाँ अग्रणी हुनुहुन्छ। सयौं बिद्यालयका बिद्यार्थीहरु, अभिभावकहरुको माध्यमबाट नेपालको बुद्धशासन र बुद्धधर्म प्रचारप्रसार गर्ने भनेको बुद्धशासनलाई सघाउनु हो। यसै अनुरुप जापानी सामाजिक संस्था "ए.ए.ई. एन् मित्रा" का अध्यक्ष श्री "केन्जेन् नाकामिसि" को साथै स्वदेशी एवं विदेशी श्रद्धालु महानुभावहरुको सहयोग बटुल्नमा पनि अ. माधवी सफल हुनुभएको छ।

यसप्रकार बिभिन्न गुणले सम्पन्न भएका अ. माधवी गुरुमांको प्रव्रजित भएको ५० औं बर्ष पूरा भएको उपलक्ष्यमा ल.पु., थैनास्थित उहाँकै यशोधरा बौद्ध बिद्यालयमा बु.सं. २५४३, ने.सं. ११२०, बि.सं. २०५६ मंसिर २५ गते एक समारोहका बिच बिभिन्न संघ-संस्थाहरुद्वारा वहाँको हार्दिक अभिनन्दन गरिएको थियो।

यस अवसरमा वहाँको सुख, समृद्धि र दिर्घायुको लागि म र बाल बौद्ध जागरण समूह, ज्योतिदय संघ, ज्योति बिहारको तर्फबाट हार्दिक कामना गर्न चाहन्छु।


Downloaded from http://www.dhamma.digital

*भिक्खापरम्परा जातकमा आधारित*

# योग्य दान

*- शान्ति महर्जन*
*प्रवेश द्वितिय बर्ष*
*बेलुवनाराम परियत्ति केन्द्र, ठेचो*

आजभन्दा धेरै बर्ष अगाडी बाराणशी राज्यमा ब्रम्हदत्तले दशराजधर्म पालन गरी राज्यलाई सुखपूर्वक संचलन गरिरहेका थिए। अत: त्यहाँका जनता धेरै नै सुखी थिए। यस्तो हुँदा न्यायालय शून्य जस्तैं भयो। एकदिन राजालाई आफ्नो अवगुण सुन्ने इच्छा जागेछ र आफ्नो राज्यभरि खोज्दै हिंडेछ। यसरी आफ्नो अवगुण खोज्दै हिंड्दै जाँदा पनि अवगुण बताउने कोही नभेटेपछि आफ्ना मन्त्रीहरुलाई राज्यभार सुम्पेर भेष बदली पुरोहितका साथमा काशीतर्फ लागे। त्यहाँ पनित्यस्ता कुरा नभेटेपछि प्रत्यन्तको एक निगममा एक शालामा बसे।

त्यसबेला त्यस निगममा बस्ने असीकोटी वैभव हुने एक कुटुम्बिक आफ्नो परिवारका साथ नुहाउनको लागि तीर्थस्थानमा गइरहेको बेलामा शालामा बसिरहेका सुकुमार शरीर भएका राजालाई देखि स्नेह उत्पन्न भै राजालाई "यहीं नै बसिरहनुहोस्" भनी पर्खाई घरमा गई बिभिन्न प्रकारका रसयुक्त भोजनहरु र भोजनका भाँडाहरु लिएर आयो।

राजा बसिरहेको शालामै हिमालयवासी तपस्वी र नन्दमूलक पर्वतबाट प्रत्येक बुद्ध पनि आइ बसे। त्यसपछि कुटुम्बिकले राजालाई हातधुने पानी दिई आफूले बोकेर ल्याएको खानाको थाली दियो। राजाले पनि सो खानाको थाली पुरोहित ब्राम्हणलाई दियो। ब्राम्हणले पनि तपस्वीलाई दियो र तपस्वीले पनि प्रत्येक बुद्धलाई देब्रे हातले भोजनको थाली र दाहिने हातले कमण्डलु समाती हातधुने पानी दिई पात्रमा भोजन राखि दिए।

यी सब दृष्य हेरिरहेका कुटुम्बिकलाई अचम्म लाग्यो। उसले यिनीहरुले एकले अर्कालाई किन दान दिंदै लग्यो र प्रत्येक बुद्धले किन



Downloaded from http://www.dhamma.digital

सुधारको बाटो पाउँछ । भौतिक सुविधा प्राप्त गर्नु मानव जीवनको अन्तिम लक्ष्य हुनु हुँदैन । परियत्ति शिक्षा प्राप्त गर्ने व्यक्तिले आफ्नो जीवनलाई कुशल कार्यमा डोऱ्याएर लाने उपाय भेटाउँछ। आफ्नो व्यवहार सुधार गर्ने मार्ग निर्देशन प्राप्त गर्छ ।

*(२) हालको नेपाल बौद्ध परियत्ति शिक्षाको परिस्थितिबाट तपाई कतिको संतुष्ट हुनु भएको छ ?*

☛ नेपाल बौद्ध परियत्ति शिक्षाको हालसम्मको उपलब्धिमा सबैभन्दा संतुष्टि पाउने विषय मेरो विचारमा यसको नियमितता हो। परियत्ति शिक्षा नियमित रुपमा संचालित हुँदै आएको छ । यसमा कुनै किसिमको अनियमितता आएको थाहा छैन । स्थापनाकालदेखि तीसौं वर्ष यतादेखि नियमित रुपमा संचालन हुँदै आउनु नै सबैभन्दा ज्यादा संतुष्ट हुन सक्ने विषय हो। हरेक साल परिक्षा प्रकाशन भएपछि विद्यार्थीहरुलाई प्रेरणा हुने गरी पुरस्कार तथा प्रमाण-पत्र वितरणको समारोह हुँदै आइरहेको छ। यो पनि खुशीको कुरा हो।

*(३) नेपाल बौद्ध परियत्ति शिक्षालाई अहिलेको स्थितिबाट उकास्न आवश्यक छ र ? यदि छ भने कसरी माथी उकास्न सकिन्छ ?*

☛ नेपाल बौद्ध परियत्ति शिक्षालाई अहिलेको स्थितिबाट उकास्न सके धेरै राम्रो हुने थियो। मैले देखे अनुसार हाल यो परिक्षा संचालन गर्न manpower को धेरै अभाव देखिन्छ। पहिले पूज्यनीय बुद्धघोष भन्तेले धेरै काम गर्नु हुन्थ्यो । उहाँ वृद्ध हुनु भएकोले अहिले पूज्यनीय शीलभद्र भन्तेले सम्पूर्ण अभिभारा बोकी राख्नु भएको देखिन्छ। सम्पूर्ण कार्य संचालन गर्न काम गर्ने मान्छे नपुगेको देखिन्छ। आजभोलिको व्यस्त दुनियाँमा गृहस्थहरुले vouluneterily ले काम गर्ने इच्छा भएपनि समय अभावको कारणले गर्न नपाएको हुन्छ । अतः कोही कोही व्यक्तिहरु इच्छित छ भने बौद्ध परियत्ति परिक्षाको लागि full time नै काम गर्ने र उनीहरुले इच्छा गरेमा पारिश्रमिक पनि दिएर full time devoted manpower को आवश्यकता भईरहेको जस्तो मलाई लाग्छ । काम गर्ने मानव शक्ति नपुगेसम्म यस शिक्षाको स्तर पनि उकास्न सकिन्छ भनी आशा गर्न सकिन्न । परिक्षाको समय नजिक आउँदा मात्र कोही कोही व्यक्तिहरुले voluneterily काम गर्ने व्यवस्था भइरहेसम्म यसको स्तर उकास्न गाह्रो


Downloaded from http://www.dhamma.digital

हुने देखिन्छ । अतः मेरो विचारमा यसको लागि full time teachers, full time workers को व्यवस्था मिलाउन सकेमा राम्रो हुने थियो ।

*(४) तपाईंको पेशामा बौद्ध परियत्ति शिक्षाले कुनै सहयोगी भूमिका निर्वाह गरेको छ कि छैन ?*

☛ तपाईंले प्रश्न सोध्नु भयो कि बौद्ध परियत्ति शिक्षाले मेरो पेशामा कुनै सहयोगी भूमिका निर्वाह गरेको छ कि भनेर । तर मेरो विचारमा यस शिक्षा कुनै पेशामा मात्र सहयोग गर्ने शिक्षा होइन । यो त मानव मात्रको जीवनमा सुधार गराउन सक्ने शिक्षा हो । बुद्धको शिक्षा कुनै पेशा अपनाउनको लागि होइन । यो जीवन जिउनको लागि नभइ नहुने ज्ञानको आधार हो । हो त अवश्य पनि मेरो पेशामा पनि यसले सहयोगी भूमिका निभाएको छ । किनभने म शिक्षण पेशामा छु । जहिले पनि मैले यस्तो सोच्न सक्ने भएको छु कि मेरो अध्यापनबाट विद्यार्थीहरुको भविष्य बनोस् । मैले अध्यापनमा हेलचेक्र्याँइ गर्न सक्दिन । शायद बौद्ध शिक्षाले प्रदान गरेको मेरो नैतिकता जागेको होस् । नत्रभने कलेजमा कतिपय यस्ता शिक्षकहरु पनि देख्ने गरेको छु जसले पुरै sincere भएर काम गर्दैनन् । Lecture दियो सिध्यो, आफ्नो तलब पाक्यो, सिध्यो । मैले भने यस्तो स्वार्थी भावना ल्याउन सक्दिन । शायद मुटु भित्रसम्म गाडेको मेरो बौद्ध शिक्षाको प्रभाव हो ।

*(५) अन्तमा, यस पत्रिका मार्फत् केहि भन्नु छ कि ?*

☛ तपाई भाईबहिनीहरुले "परियत्ति-ज्योति" नामक पत्रिका प्रकाशन गरिरहनु भएकोमा ज्यादै खुशी लागेको छ । यसको उन्नति र प्रगति होस् भन्ने कामना गर्दछु । यस पत्रिका मार्फत् नेपाल बौद्ध परियत्ति शिक्षामा संलग्न व्यक्तित्वहरुमा एउटा सुझाव पेश गर्न चाहन्छु । आजभोलिको दुनियाँमा प्रचार प्रसार अर्थात संचार माध्यम वा media को धेरै महत्व रहँदै आएको छ । अहिलेको अवस्थामा बौद्ध जगतमा कतिपय मानिसहरुले "नेपाल बौद्ध परियत्ति शिक्षाको" बारेमा थाहै नपाएका पनि छन् । अतः यसलाई व्यापक गराउन यसको आवश्यकता र उपादेयता बारे प्रचार प्रसार बढाउनु पर्छ जस्तो लाग्छ । पत्रपत्रिका र रेडियो प्रसारण मार्फत यस शिक्षाको व्यापक प्रचार हुनु जरुरी छ जस्तो लाग्छ ।

धन्यवाद !



Downloaded from http://www.dhamma.digital

# गतिविधि

## पुस्तक बिमोचन

गत २०५६ मंसीर १७ गते शुक्रबार ज्योतिदय संघ, ज्योति बिहार चापागाउँमा श्री बासुदेव देशारज्यूद्वारा लिखित एवं श्री दुर्गादास रंजितज्यूद्वारा प्रकाशित "बुद्ध र उहाँको धर्म" नामक पुस्तक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूबाट एक समारोहका बिच बिमोचन गरियो ।

ज्योति बिहारका संरक्षक कुमार देशारको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा श्री रविन्द्र देशारले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने ज्योतिदय संघका सचिव दिल बहादुर देशारले लेखकको परिचय प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा ज्योतिदय संघका अध्यक्ष श्री सुरेन्द्रमान शाक्य र समाजसेवी श्री जगमोहन मेहेर कायस्थज्यूबाट आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । अन्तमा ज्योतिदय ऋण तथा बचत सहकारी संस्था लि. का अध्यक्ष एवं ज्योतिदय संघका सदस्य श्री दिल देशारले धन्यबाद ज्ञापन गर्नुभएको थियो भने कार्यक्रम संचालन संघका श्री रामेश्वर देशारले गर्नु भएको थियो ।

## आँखा शिविर सम्पन्न

२०५४ माघ १२ गते शनिबारको दिन तिलगंगा आँखा केन्द्र, गौशालाको सहयोगमा र ज्योतिदय संघको आयोजनामा एक दिने आँखा शिविरको कार्यक्रम सम्पन्न भयो । सो शिविरमा ४०० जना आँखाका बिरामीहरुको परिक्षण गर्नुका साथै नि:शुल्क औषधी बितरण गरिएको थियो । त्यस्तै सो परिक्षणमा १८ जना मोतिया बिन्दुका रोगीहरु पत्ता लागेकोमा तिलगंगा आँखा केन्द्रमा मोतिया बिन्दुको शल्यक्रिया गरिएको थियो ।

## परिक्षाफल प्रकाशित

बु.सं. १५४३ (बि.सं. २०५६) सालको नेपाल बौद्ध परियत्ति शिक्षाको परिक्षाको परिक्षाफल हालै प्रकाशित भएको छ । सो परिक्षामा यस ज्योति विहार परियत्ति केन्द्रबाट प्रा. प्रथम बर्षदेखि प्रवेश तृतीय बर्षसम्म ३० जना परिक्षार्थीहरुले परिक्षा दिएकोमा १८ जना प्रथम श्रेणीमा र १० जना द्वितिय श्रेणीमा उत्तिर्ण भएका छन् ।


Downloaded from http://www.dhamma.digital

# बुद्ध उपदेश

- सरिता माली
प्रवेश प्रथम बर्ष
बेलुवनाराम परियत्ति केन्द्र,
ठेचो ।

नगर कहिले पनि हिंसा
नबोल कहिले पनि असत्य
नगर कहिले पनि ब्यभिचारी काम
नचोर कसैको केही पनि
नगर मादक पदार्थको सेवन
असत्यलाई सत्यले जित्नु
दु:खीलाई दया गर
आफूभन्दा ठूलालाई मानसत्कार गर
आफूभन्दा सानालाई माया गर
आफ्नो बचनलाई मीठो बनाउ
कुमित्र संगत नगर
असल संगत गर
आफ्नो मनलाइ शुद्ध गरी
सधैं सबैको कल्याण गर
बुद्धका यी उपदेशहरुलाई
हामी सबैले पालन गरौं

# हार्दिक बधाई

बुद्ध शिक्षा प्रचार-प्रसार कार्यमा शुद्ध र नि:स्वार्थ भावनाले, नित्य रुपले लाग्नु भएको फलस्वरुप उहाँको यस देनलाई कदर गरी म्यानमार सरकारको धार्मिक मन्त्रालयको तर्फबाट १९ मार्च सन् २००० को दिन श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूलाई "अग्ग महासद्धम्म ज्योतिक धज" उपाधिबाट बिभूषित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छौं ।

बाल बौद्ध जागरण समूह,
ज्योतिदय संघ
ज्योति बिहार, चापागाउँ



Downloaded from http://www.dhamma.digital

कसैलाई नसोधिकन, दान नदिइ आफै खायो ? यसको कारण प्रत्येकसंग सोध्ने क्रममा सबभन्दा पहिला कुटुम्बिकले राजासंग सोध्यो - "मैले तिम्रो सुकोमल, स्वर्णमयी शरीर लिइ यस शालामा बसिरहेको देखें र तिमीप्रति दया जागेर रसमय भोजन दान गरें। यर तिमीले यस भोजन पुरोहित ब्राम्हणलाई दियो । यसको कारण के हो ?" जवाफमा राजाले भन्यो - ब्राम्हण मेरो आचार्य हुन्, जहिले पनि मेरो कामकाजमा व्यस्त रहनुहुन्छ। त्यसैले मेरो गुरुलाई भोजन दिनु योग्य ठानें ।" त्यसपछि कुटुम्बिकले ब्राम्हणसंग सोधे - "राजाले शुद्ध रसयुक्त भोजन तिमीलाई दियो। तर तिमीले फेरि तपस्वीलाई दिनुको कारण के हाला ?" जवाफमा भने - "गृहस्थ जिवन बिताइ रहेको छु र राजालाई अनुशासन गर्छु । गुणद्वारा वृद्ध भै भावितेन्द्रिय भएका ऋषिलाई दानदिन योग्य ठानी तपस्वीलाई दान दिएँ ।" फेरि कुटुम्बिकले तपस्वीसंग सोध्यो - "एक्लै जंगलमा भौतारिएर जिबन बिताउने तिमीले भोजन किन फेरि दान दिनु भयो ।" तपस्वीले जवाफमा भने - "जंगलमा घुमफिर गरी जंगलमा फलेको कन्दमूल खाएर जिवन निर्वाह गर्छु। पकाएर खानु मेरो निम्ति झमेला हो । त्यसैले पकाउने काम गर्नेको अगाडि नपकाउनेलाई, ममता हुने मध्येमा ममता नहुनेलाई र कुनै पनि बस्तुमा आशा राख्नेहरुमध्येमा आशा नराख्नेलाई भोजन दिन योग्य ठान्दछु।"

त्यसपछि अन्तमा भिक्षुकहाँ गइ "तिमीले ऋषिले दिएको भोजन कसैलाई केहि पनि नभनी किन खायौ ?" भनेर सोद्धा भिक्षुले भन्यो - "यो भोजन खान न त पकाउनु पर्‍यो, न त पकाउन लगाएँ, न त काट्न नै लगाएँ, न त काट्न नै पर्‍यो। यो पाप रहित छ। फेरी यो भोजन दान दिंदा देब्रे हातले भिक्षालिई दाहिने हातले कमण्डलु लिई, शुद्ध मनले दान दियो । अतः यहि नै योग्य दान हो भनेर तपस्वीको दानलाई मैले स्वीकारें ।"

प्रत्येक बुद्धको जवाफबाट कुटुम्बिक साह्रै खुशी भयो र सच्चा दानको कुरा बुझिलियो । प्रत्येक बुद्ध पनि भोजन गरी सकेपछि धर्मोपदेश गरी आफ्नो ठाउँमा फर्कनुभयो ।

॥ अस्तु ॥



Downloaded from http://www.dhamma.digital

# सुजाता

- रमेश देशार
प्रवेश द्वितिय बर्ष

सुजाता - यो नाम बौद्ध साहित्यमा कुनै नौलो नाम होइन। यहाँ वर्णन गर्न लागिएको सुजाता सिद्धार्थ गौतमलाई क्षीर दान गर्ने नभई बौद्ध साहित्यमा उपासिकाहरुमध्ये दान दिनमा अग्रस्थान प्राप्त गरेकी विशाखा महाउपासिकाकि बहिनीको हो।

सुजाता अंग देशकी भद्दीय नगरबासी धनञ्जय सेठकी छोरी हुन्। सुजाता रुप र धनमा अग्रणी थिइन्। यसरी आफ्नो रुप र धनको घमण्डीपनले गर्दा यसले कसैको कुरा मान्दैन थियो। उ आफ्नो रुपाभिमानले आफु जस्तै राम्री यो संसारमा कोही पनि छैन, त्यसैले यहाँका सबै युवकहरु म संगै भुमिन्छ र मेरो पछि-पछि लाग्छन् भन्ने उनको धारणा थियो। मानौ एक करोडपतिकी छोरी प्राकृतिक रुपले रुपबती होउन वा नहोउन, उसको पछि-पछि युवाहरु भुमिन्छन् भन्ने धारणा राख्ने गर्छन्।

उमेर बढ्दै गएपछि सुजाताको विवाह अनाथपिण्डिक महाजनका छोरा कालसंग भयो। विवाह गरि सकेपछि पनि उसले आफ्नो उच्छृंगल व्यवहारमा कुनै सुधार गरिन। आफ्ना पति, सासु, ससुरा र ठूलाबडालाई मान-मर्यादा राख्ने जस्ता कुरा त परै जाओस्, कसैलाई पनि मान्छे नै होइन कि जस्तो व्यवहार गर्थिन्।

एकदिन अनाथपिण्डिक महाजनले भगवान बुद्धलाई आफ्नो घरमा आमन्त्रण गरि उपदेश दिन लगाउनु भयो। बुद्धले उपदेश दिइ राख्नुभएको बेलामा महाजनको घरमा मान्छेहरु ठूलो स्वरले चिच्याउँदै, कराउँदै, बचाओ! बचाओ! भनी कराएको आवाज सुन्न थाल्यो। अनि भगबान बुद्धले "यो के को आवाज हो?" भनेर महाजनलाई सोद्धा "यी घरकी बुहारी हुन्। यिनले न पतिको कुरा मान्छ, न सासु-ससुराको। न त भगबानलाई स्वागत, सत्कार गर्छ न त पुजा नै गर्छ" भनेर भन्यो। त्यसपछि भगबान बुद्धको आग्रहमा महाजनले आफ्नो बुहारीलाई भगबानको सामु ल्याउनुभयो। भगबान बुद्धले सुजातालाई ध्यान आकर्षित गर्दै यो संसारमा सात प्रकारका भार्याहरु छन् भनी त्यसको व्याख्या गर्नुभयो।

१) बधक समान भार्या
२) चोर समान भार्या
३) मालिकनी समान भार्या
४) माता समान भार्या


Downloaded from http://www.dhamma.digital

५) भगिनी समान भार्या
६) सखी समान भार्या
७) दासी समान भार्या

यी सात प्रकारका भार्याहरुमध्ये तिमी कुन प्रकारको भार्यामा पर्छौ भनेर सुजातालाई संक्षेपमा सोध्दा उनले भगबानको कुरालाई बुझ्न सकेन। अनि सुजाताले भगबानलाई यी सात प्रकारका भार्याहरुबारे विस्तृत रुपले बताउन प्रार्थना गर्दा उहाँले बिस्तारपूर्वक व्याख्या गर्नुभयो।

१) बधक समान भार्या :-

कुनै पनि स्त्रीले प्रदुष्ट चित्त राखी अरुलाई हानी गर्ने काम गर्छ र पतिलाई हेला गरी धन र रुपको घमण्डले मात्तिइ हिंसा गर्न थाल्छ भने यस्ता किसिमका भार्यालाई बधक समान भार्या भनिन्छ।

२) चोर समान भार्या :-

जुन स्त्रीले आफूले काम नगरी पतिले जोतेर ल्याएको वा पतिको तलब, बाणिज्य, कृषि, कुनै आम्दानीबाट ल्याएको धनमात्र चलाउने र चोर्न खोज्छ भने त्यस्ता स्त्रीलाई चोर समान भार्या भनिन्छ।

३) मालिकनी समान भार्या :-

जुन स्त्री आफू कुनै पनि काम नगर्ने तर स्ववभाव भने मुखालेको हुन्छ, महा अलसी हुन्छे, पतिलाई मात्र जोत्न खोज्ने र उत्साही पुरुषलाई दबाउन खोज्ने हुन्छ। त्यस्ता स्त्रीलाई मालिकनी समान भार्या भनिन्छ।

४) माता समान भार्या :-

आमाले जस्तै सधैं छोरालाई माया गरे झैं आफ्नो पतिलाई माया र हेरचाह गर्ने, जसले ल्याएको धन-सम्पत्तिलाई सुरक्षा गर्छ, त्यस्ता स्त्रीलाई माता समान भार्या भनिन्छ।

५) भगिनी समान भार्या :-

जसले दिदीले बहिनीलाई परस्पर माया-गौरव राख्छ, त्यस्तैगरी आफ्नो पतिलाई माया, गौरव राख्छे र लज्जालु स्वभावकी हुन्छ, त्यस्ता स्त्रीलाई भगिनी समान भार्या भनिन्छ।

६) सखी समान भार्या :-

धेरै दिन पछि भेटिने साथी देख्दा जसरी खुशी भै उत्साहित हुन्छे, त्यस्तैगरी कुनै स्त्रीले आफ्नो पतिलाई त्यस्तो व्यबहार गर्छ, कुलीन हुन्छे, शीलवती हुन्छे, त्यस्ता स्त्रीलाई सखी समान भार्या भनिन्छ।

७) दासी समान भार्या :-

कुनै पनि स्त्रीले कहिलेकाहीं आफ्नो पति क्रोधमा आए पनि उ प्रति नरिसाइ, मन नबिगारी, अक्रोधिनी भै आफ्नो स्वामीको वशमा बस्छे, त्यस्ता स्त्रीलाई दासी समान भार्या भनिन्छ।

यसप्रकार सात प्रकारका भार्याका बारेमा विस्तृत रुपमा वर्णन गरेको सुन्दै गरेका सुजाता श्रोतापन्न भइन।

अस्तु !


Downloaded from http://www.dhamma.digital

*अन्तर्वार्ता*

# बौद्ध परियत्ति शिक्षाले जन्माएका युवा बौद्ध व्यक्तित्व रिना तुलाधरसंग एकक्षण



*(रिना तुलाधरको जन्म वि.सं. २०१९ साल चैत्रमा काठमाडौंमा भएको हो। उहाँले अर्थशास्त्र र जनसंख्या शिक्षामा एम.ए. गर्नुभएको छ। साथै नेपाल बौद्ध परियत्ति शिक्षामा कोविद पनि गर्नु भएको छ। उहाँको हालसम्म आमाबाबु र छोराछोरी, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ बर्ष, Dhamma and Dhammavati आदि पुस्तकहरु प्रकाशित भैसकेका छन्। त्यस्तै बिभिन्न पत्रपत्रिकामा नियमित लेख प्रकाशन र संपादन पनि गर्दै आउनु भएको छ। उहाँ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, महिला बौद्ध संघ, नेपाल संस्थाहरुसंग आवद्ध हुनुहुन्छ। हाल उहाँ पद्मकन्या क्याम्पसमा प्राध्यापन गर्नुहुन्छ। प्रस्तुत छ - यस अंकको लागि उहाँसंग लिइएको अन्तर्वार्ता-सं.)*

*(१) दिदी तपाईंले क्याम्पसको पढाइको उपादेयता र परियत्ति-शिक्षाको उपादेयतामा के फरक पाउनु भएको छ?*

☛ क्याम्पसको उपादेयता के हो भने यसले मानिसलाई कुनै खास विषयमा सक्षम बनाउँछ। यही सक्षमता पाएपछि व्यक्तिले कुनै खास किसिमको कार्य गर्न सक्ने हुन्छ। अर्थात अर्को भाषामा भन्ने हो भने क्याम्पसको डिग्री प्राप्त गरेपछि उही qualification बोकेर व्यक्तिले आफ्नो जीवन निर्वाहको निम्ति कुनै पेशा अपनाउन सक्ने हुन्छ।

परियत्ति शिक्षाको उपादेयता भने यो भन्दा पनि उच्च स्तरको छ। परियत्ति शिक्षाको पाठ्यवस्तुमा जुन धार्मिक र नैतिक शिक्षा संलग्न छ त्यसबाट व्यक्तिले जीवन निर्वाहको आधार पाउने होइन बरु जीवन



Downloaded from http://www.dhamma.digital

# "परियत्ति ज्योति" लाई

# सहयोग पुऱ्याउनु होस्

यस "परियत्ति ज्योति" त्रैमासिक पत्रिका हालसम्म बाह्रौं अंकसम्म प्रकाशित भैसकेको छ। शुरु देखि नै बिभिन्न महानुभावहरुले यस पत्रिकाको लागि आर्थिक भार व्यहोरी सहयोग गर्नु भएको छ। उहाँहरुको यस्तो सहयोगले गर्दा नै हामीले यो सानो प्रयासलाई निरन्तरता दिन सकिरहेका छौं। तसर्थ उहाँ दाता महानुभावहरुप्रति फेरि-फेरि धन्यवाद नदिइरहन सक्तैनौं।

यसैगरी यस अंक प्रकाशनार्थ पनि **ल.पु., नःटोलका श्री नेमवीर शाक्य**ज्यूले उहाँको परम पूज्य पिता **न्हुच्छेवीर शाक्य** (जन्म : ने.सं. १०३७) को गत २०५६ मंसीर १ गते (ने.सं. ११२०) को दिन दिवंगत हुनु भएकोले उहाँको पुण्य कामना गरी आर्थिक भार व्यहोरी दिनु भएको छ। अतः हामी वहाँ प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं।

यस्तै गरी अरु अंक प्रकाशनार्थ पनि धर्म प्रेमी महानुभावहरुबाट यस्तै सहयोग गरी पत्रिकाको आजीवन ग्राहक भई, बार्षिक ग्राहक भई, विज्ञापन दिइ तथा पत्रिका खरिद गरी हौसला प्रदान गर्नु हुन हार्दिक अनुरोध गर्दछौं।

"परियत्ति ज्योति"

**बाल बौद्ध जागरण समूह, ज्योतिदय संघ**

**ज्योति विहार, चापागाउँ**

Downloaded from http://www.dhamma.digital



भगवान बुद्धको जन्म, बुद्धत्व प्राप्ति र
महापरिनिर्वाणको पावन अवसरमा
सम्पूर्ण प्राणीमात्रको सुख र समृद्धिको
लागि हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्न चाहन्छौं ।

"परियत्ति ज्योति"
बाल बौद्ध जागरण समूह,
ज्योतिदय संघ
ज्योति विहार, चापागाउँ

Downloaded from http://www.dhamma.digital